# उद्योग सञ्चालन गर्दा उद्योगीहरुले पालना गर्नुपर्ने अनिवार्य शर्तहरु :

१. उद्योग सञ्चालन गर्दा हाल कायम रहेको र पछि लागु हुने निति नियम सबै पालना गर्नुपर्नेछ ।

२. उद्योगको साईनबोर्ड र फर्मको प्याडमा रजिष्ट्रेशन नम्बर अनिवार्य रुपमा राख्नुपर्नेछ ।

३. नाबालक लाई उद्योगको काममा संलग्न गराउन पाइने छैन ।

४. छरछिमेक कसैलाई पिरमार्का बाधा नपर्ने गरि उद्योग सञ्चालन गनुपर्नेछ ।

५. उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाटै पुर्ति गर्नुपर्नेछ । विदेशी जनशक्ति बिना उद्योग सञ्चालन हुन नसक्ने भएमा श्रम विभाग समेतको पुर्व स्वीकृती लिएर मात्र काममा लगाउन सकिनेछ ।

६. उद्योग दर्ता भएको ६ महिना भित्र वा कार्य योजना अनुसार अन्य म्याद तोकिएकोमा सो म्याद भित्र सञ्चालन हुन नसकेमा म्याद थप गराउनु पर्नेछ ।

७. उद्योग सञ्चालन गर्दा वातावरण प्रदुषण हुन नदिने गरि आवश्यक व्यवस्था गर्नुपर्नेछ ।

८. उद्योगको बार्षिक प्रगति विवरण आर्थिक बर्ष समाप्त भएको १५ दिन भित्र नियमित रुपमा पेश गर्नुपर्नेछ । साथै विभाग बाट माग भएका उद्योगसँग सम्बन्धित विवरणहरु यथा समयमा उपलब्ध गराउनुपर्नेछ ।

९. उद्योग सञ्चालन गर्दा उद्योगमा भईरहेको काम कारवाहीलाई मुल सडक बाट नदेखिने व्यवस्था मिलाउनुपर्नेछ ।

१०. उद्योग दर्ता प्रमाण पत्रमा उल्लेखित उद्देश्य विपरित कार्य गर्ने पाइने छैन ।

११. उपभोक्ता हित संरक्षण ऐन नियम विपरित उद्योग सञ्चालन गर्न नपाइने ।

१२. यसै नामबाट यसअघि अर्को उद्योग दर्ता भईसकेको देखिएमा यस उद्योगको नाम परिर्वतन वा संशोधन गर्नुपर्नेछ ।